रामपुर नगरपालिका

स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७५/०५/२८

भाग -२

रामपुर नगरपालिकाको
साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि २०७५

प्रस्तावना: रामपुर नगरपालिकाको कृषि क्षेत्रको उत्पादन बृद्दि, व्यवसायीकरण, तथा विविधिकरण गर्न साना ब्यबसायिक उत्पादन कृषि उत्पादन केन्द्र "साना ब्यबसायिक कृषि उत्पादन (पकेट) बिकास कार्यक्रम संचालन कार्यविधि २०७५" तयार गरि लागु गरिएको छ । एक वडा एक उत्पादन कार्यक्रम लागु गर्न यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

खण्ड २.-

१. **संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यक्रम नाम साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि -२०७५ रहेको छ ।

२. यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यपालिका" भन्नाले रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) "कृषक" भन्नाले ब्यबसायिक वा ब्यबसाय उन्मुख खाद्यान्नबाली, तरकारीबाली, नगदेबाली, औधोगिक बाली, मसलाबाली, तेलहंनबाली, दलहनबाली, फलफुलखेति, च्याउ खेति, माछापालन, मौरीपालन आदि निश्चित क्षेत्रफलमा खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ग) "कृषि समूह" भन्नाले करिब १५-३० जनाको कृषक सदस्य रहेको समुहलाई बुझ्नुपर्दछ ।

घ) "कृषि शाखा" भन्नाले यस नगरपालिकाको कृषि शाखा वा उपशाखा वा इकाई वा कृषि सेवा केन्द्रलाई जनाउनेछ ।

ङ) "पकेट" भन्नाले आबश्यकता र स्थानिय सम्भाव्यताका आधारमा सम्भाव्य बाली/बालिबस्तुमा न्युनतम रोपनीमा वा संख्यामा खेति गरेको साना ब्यबसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ । खाद्यान्नबालीको हकमा न्युनतम २०० रोपनी, दलहन /तेलहन बालीको १०० रोपनी,तरकारी खेतिमा ५० रोपनी, फलफुल खेतिमा १०० रोपनी, मसलाबालीको १०० रोपनी, आलु तथा आलु बिउको १०० रोपनी, कन्ये च्याउको लागि १० च्याउ घर वा ८०० केजी च्याउ बिउ प्रति लटमा प्रयोग,२०० आधुनिक घारमा मौरीपालन गर्ने वा प्लास्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा २० रोपनी क्षेत्रफ़लमा फैलिएको प्लास्टिक घरहरु भएको वा माछापालानको हकमा न्युनतम

३० रोपनी जलाशय क्षेत्रफ़लमा फैलिएको माछापोखरी संचालन गरेको साना ब्यबसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले सम्बन्धित पकेट संचालन समिति सम्झनु पर्दछ ।

खण्ड ३

३. उद्देश्य

क) कृषि क्षेत्रको आधुनिकरणमा योगदान पुर्याउने साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) हरु बिकास गरि छनोट गरिएको बाली/बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दि तथा रोजगारी सिर्जना गरि कृषकहरुको आम्दानी बृद्दि गर्ने ।

ख) रामपुर नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन यस नगरपालिकाको एक वडा एक उत्पादन कार्यक्रमलाइ लागु गर्न पकेट क्षेत्र निर्माण गरि कृषिमा आत्मनिर्भर बनाउने ।

खण्ड ४

४. पकेट निर्माण / छनोट प्रक्रिया :

१. पकेट क्षेत्र निर्माणका लागि देहायका सेवा / सुबिधा / पुर्बधारहरु रहेको हुनुपर्नेछ :

क) सडकको पहुँच भएको वा हुनसक्ने

ख) सिचाइको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुन सक्ने

घ) तोकिएको क्षेत्रफ़ल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटा कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच पुगेको वा हुनसक्ने

२. पकेट क्षेत्र निर्माणको लागि नगरपालिका कार्यालयको कृषि शाखाले सूचना मार्फत कृषि समूह/कृषि सहकारी/कृषि फार्म वा उद्धमीलाई प्रस्ताब पेश गर्न आव्हान गर्नेछ । प्रस्ताब बमोजिम सम्भाय्ब्यता, हालको अवस्था, कृषि समूह/कृषि सहकारी/ कृषि उद्धमीको सक्रियताको आधारमा कम्तिमा एक वडा एक पकेट क्षेत्र छनोटको लागि निम्न सदस्य रहेको **नगर पकेट क्षेत्र निर्माण समिति** रहनेछ।

नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य	संयोजक
प्रमुख प्रशासकीय अधिकृत	सदस्य
कृषि शाखा प्रमुख	सदस्य
पशुसेवा शाखा प्रमुख	सदस्य

नगर प्रमुखले तोकेको बढीमा २ जना कृषक/बिज्ञ वा कृषि उद्यमी सदस्य

३. नगर पकेट क्षेत्र निर्माण समितिले आफ्नो काम बिधि आफै तोक्न सक्नेछ । सामान्यतय खण्ड ४ को ४.१ बमोजिमको पुर्बाधार भएको मापदण्डलाई आधार मानी समितिले काम गर्नुपर्नेछ ।

खण्ड -५

५. **पकेट संचालन समितिको गठनः** पकेट संचालनका सम्बन्धमा सम्बन्धित नगर कार्यपालिका कार्यालयसंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा खण्ड ४ बमोजिम स्थापना भएको पकेट क्षेत्रको ब्यबस्थापनका लागि सम्बन्धित कृषक समूह / कृषि सहकारी / कृषि उद्यमि वा जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरि कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय पकेट संचालक समिति गठन गरिनेछ ।यसको लागि पकेट क्षेत्र छनोट भएपछी पकेट भित्र रहेका कृषक समूह /सहकारी / कृषि उद्यमि / जल उपभोक्ता समितिहरुलाई पकेट संचालन समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आब्हान गरिनेछ । कार्यदलको शिफारिस अनुसार एक भन्दा बढी आबेदकहरुलाई संयुक्त रुपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ । तोकिएको अबधिमा समिति गठन भै नआएमा कृषि शाखाले सहजीकरण गरि १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ ।समितिको सदस्यहरु सम्बन्धित बाली /बस्तुको ब्यबसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा संयोजक , उपसंयोजक ,सचिब ,र सहसचिब एक — एक जना र बाँकी ५ जना सदस्य रहनेछन । पकेट संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ । रामपुर नगरपालिकाको कृषि शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहनेछ । पकेटको संचालन गरिने कार्यक्रमकोप्रस्तावना तयार गर्दा र कार्य सम्पादनाप्रतिबेदन तयार गर्दा निजको सहमति अनिबार्य रहनेछ । कार्यक्रम संचालन हुने सम्बन्धित वडाका अध्यक्ष उक्त समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछन ।

खण्ड -६

६. **पकेट क्षेत्र छनोट प्रक्रियाः** यस कार्यालयको कृषि शाखा मार्फत १ हप्ते सुचना आवहान गरि निबेदन संकलन गरिनेछ । निबेदन दिन आउदा खण्ड २ को २.३ को (ङ) मापदण्ड अनुसार खेति गर्न चाहने कृषक समूह /कृषि सहकारी /जल उपभोक्ता समिति वा कृषि फर्मले मात्र निबेदन योग्य हुनेछ । निबेदन दिन आउदा एक प्रति निर्णय प्रतिलिपि , खेति गर्नको लागि चाहिने जग्गाको क्षेत्रफ़ल खुल्ने कागजात , निबेदको नागरिकताको प्रतिलिपि , फार्मको हकमा पान/ भ्याट नम्बर र फार्म दर्ता प्रमाण पत्र समेत बुझाउनु पर्नेछ ।

संकलित प्रस्ताब /निबेदनहरु मध्येबाट व्यवसायिकता , सम्भाबना , नया कृषि उपजको उत्पादन , उच्च मूल्य बालीहरु आदिको आधारमा पकेट क्षेत्र निर्माण समितिले निर्णय गरि सोहि पकेट क्षेत्रलाइ कृषि शाखाले सुचना वा पत्र मार्फत पकेट क्षेत्र संचालन समिति गठन गर्न आबहान गर्नेछ । पकेट छनोट गर्दा एकै वार्ड अथवा एकै कलस्टरमा रहेको क्षेत्रलाइ छनोट गरिनेछ । पकेट एउटा वडामा एउटा वा एकै वडामा धेरै पकेट क्षेत्र पनि रहन सक्नेछन ।

खण्ड -७

७. **पकेट कार्यक्रम संचालन प्रक्रिया :** पकेट संचालन समितिले कृषि शाखा संग समन्वय गरि पकेट क्षेत्रको बजेट को कार्यक्रम निर्माण गर्न सक्नेछन । सोहि कार्यक्रमका आधारमा नगरकार्यपालिका को कार्यक्रम निर्माण गर्न सक्नेछन । सोहि कार्यक्रमका आधारमा नगर कार्यपालिका कार्यालयले आवश्यक कागजातको आधारमा कार्य सम्पन्न गरिसकेपछि अनुदान रकम भुक्तानी दिनेछ । कार्यक्रम निर्माण गर्दा पकेट क्षेत्रको आवश्यकताको आधारमा बिउ बिजन खरिद बिषादी तथा मल खरिद , औजार उपकरण वा फार्म मेशिनरी खरिद लगायतका कार्य गर्न सक्नेछन भने अनुदान प्रतिशत ५० % मात्र हुनेछ । बाँकि ५० % रकम कृषकहरुलेनै व्यहोर्नु पर्ने छ । सोहि कार्यक्रम पकेट संचालन समितिले निर्धारण गरेपछि यस कार्यालयसँग सम्झौता गरि कार्यक्रम अगाडी बढाउन सक्नेछ ।

खण्ड -८

८. **बिबिधः** यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित नियम, कानुन, निर्देशिका बमोजिम हुनेछ ।यस कार्य विधिले ब्यबस्था गरेको कुनै प्राबधान कार्यन्वयन गर्दा बाधा अड्काउ फुकाउन परेमा समितिको क्षेत्रभित्र पर्ने समितिले अन्य जटिल नितिगत अवस्थामा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमाणीकरण मितिः- २०७५/०५/२८

आज्ञाले,
(ज्ञानराज कोइराला)
प्रमुख प्रशासकीय अधिकृत